**गण्डकी प्रदेश सभा**
**दशौं अधिवेशन**
**बैठक संख्या -२०**
**सूचनापत्र — २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति: २०८३ साल आषाढ १४ गते आइतबार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो।

तत्पश्चात बिशेष समयमा दलको नेता तथा पूर्व मुख्यमन्त्री माननीय श्री खगराज अधिकारीले सभालाई सम्बोधन गर्नुभयो |

तत्पश्चात माननीय सभामुखले आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री जित बहादुर शेरचनले मिति २०८३ असार ५ गते सभा समक्ष प्रस्तुत गर्नुभएको **"आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३"** का मन्त्रालयगत शीर्षकहरु माथिको बाँकी छलफल प्रारम्भ गर्नुभयो |

तत्पश्चात **आर्थिक मामिला मन्त्रालयका** माननीय मन्त्री श्री जित बहादुर शेरचनले "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो |

तत्पश्चात **भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका** माननीय मन्त्री श्री गोबिन्द बहादुर नेपालीले "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को छलफलको क्रममा उठेका आफ्नो मन्त्रालयसँग सम्बन्धित प्रश्नहरुको जवाफ दिनभयो |

तत्पश्चात माननीय **मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले** "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो |

तत्पश्चात माननीय सभामुखले "आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको मन्त्रालयगत विनियोजन शीर्षकहरु माथिको छलफल समाप्त भएको घोषणा गर्नुभयो |

तत्पश्चात **आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री श्री जित बहादुर शेरचनले** मिति २०८३ असार १ गते सभा समक्ष प्रस्तुत भएको **"गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३"** माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सभाले **सर्वसम्मतीले** स्वीकृत गर्यो |

तत्पश्चात माननीय सभामुखले आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री श्री जित बहादुर शेरचनले मिति २०८३ असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको **"गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३"** माथिको छलफल प्रारम्भ गर्नुभयो | उक्त छलफलमा माननीय प्रकाश बराल, माननीय देवका पहारी त्रिपाठी, माननीय हरिबहादुर भण्डारी र माननीय बिन्दु पौडेलले भाग लिनुभयो |

तत्पश्चात आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री श्री जित बहादुर शेरचनले **"गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३"** माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो |

तत्पश्चात माननीय सभामुखले माननीय **श्री दमयन्ती रुचालले** पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन अस्वीकार गर्नुभएकोले उक्त प्रस्तावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भयो |

तत्पश्चात माननीय सभामुखले माननीय **श्री कुशुम बुढा पुनले** पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन अस्वीकार गर्नुभएकोले उक्त प्रस्तावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव बहुमतले अस्वीकृत भयो |

तत्पश्चात माननीय सभामुखले आर्थिक बर्ष २०८३/८४ को व्यय अनुमानको खर्च शीर्षकहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सभामा बहुमतले स्वीकृत भयो |

तत्पश्चात आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री श्री जित बहादुर शेरचनले **"आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई पारित गरियोस् भनी प्रस्ताव गर्नुभएकोमा उक्त बिधेयक बहुमतले पारित भयो |

तत्पश्चात आर्थिक मामिला मन्त्रालयका माननीय मन्त्री श्री जित बहादुर शेरचनले "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३" लाई पारित गरियोस् भनी प्रस्ताव गर्नुभएकोमा उक्त बिधेयक बहुमतले पारित भयो |

तत्पश्चात माननीय सभामुखले सभाको अर्को बैठक मिति २०८३ आषाढ २४ गते दिनको १:०० बजे बस्ने गरी आजको बैठक दिनको **१:४०** बजे स्थगित गर्नुभयो।

..................

**(गोविन्द पौडेल)**

**प्रदेश सभा सचिव**